लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

**डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.)**

२ — २०८३/०२/०९
राजु क्षेत्री
डिभिजनल वन अधिकृत

# अतिक्रमित वनक्षेत्र खाली गर्ने सम्बन्धी सूचना

मिति : २०८३/०२/०१

लुम्बिनी प्रदेश, नवलपरासी (ब.सु.प.) जिल्लाको सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन र साझेदारी वन लगायतका राष्ट्रिय वनक्षेत्रमा अनाधिकृत रुपमा अतिक्रमण गरी घर टहरा निर्माण गर्ने तथा आवादी गरि भोगचलन गर्ने कार्य वन ऐन २०७६ को दफा ४९(ग) ले निषेध गरेकोले उक्त कार्य वन ऐनको प्रतिकुल भएको व्यहोरा जानकारी गराईन्छ। वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन गर्ने सम्बन्धमा मिति २०८३/०१/२३ गते बसेको जिल्ला वनक्षेत्र अतिक्रमण नियन्त्रण समितीको बैठकको निर्णय बमोजिम नवलपरासी (ब.सु.प.) जिल्लामा भएको वनक्षेत्रको अतिक्रमणको तथ्यांक संकलन गर्ने कार्य भईरहेकोले उक्त कार्यमा खटी आउने वन कर्मचारी तथा प्राविधिकहरुलाई सहयोग गर्न सबै स्थानीय तह, सामुदायिक वन उपभोक्ता समुह, साझेदारी वन उपभोक्ता समुह लगायत सम्पुर्ण सरोकारवालाहरुलाई हार्दिक अनुरोध गरिन्छ। अतः अनाधिकृत रुपमा वनक्षेत्र अतिक्रमण गरी बनाईएका घर टहरा हटाउन र अतिक्रमण गरेको क्षेत्र खाली गर्नका लागि यो ३०(तीस) दिने सुचना जारी गरिएको छ। समय सिमा भित्र खाली नगरी अटेर गरेमा प्रचलित कानुन बमोजिम अतिक्रमित जग्गा खाली गराई खाली गराउँदा लागेको खर्च असुल उपर गरि वन ऐन २०७६ ले तोके अनुसारको सजाय हुने व्यहोरा जानकारीका लागि अनुरोध छ।

डिभिजन वन कार्यालय, नवलपरासी(ब.सु.प.)